Washington State Department of Social & Health Services
Transforming lives

# DEVELOPMENTAL DISABILITIES ADMINISTRATION (विकासात्मक असक्षमता प्रशासन) को सेवाग्राहीको रूपमा तपाईंका अधिकारहरू

तल उल्लिखित अधिकारहरू प्रशासनका सबै सेवाग्राहीहरूलाई आश्वस्त गरिएका न्यूनतम अधिकारहरू हुन् र थप अधिकारहरू समावेश गर्न सक्ने अन्य राज्य वा संघीय कानूनहरूमा उल्लिखित अधिकारहरूलाई कम गर्न अभिप्रेत छैनन्।

(1) प्रशासनले व्यक्ति योग्य छ भनी निर्धारण गर्दा व्यक्ति र व्यक्तिको कानूनी प्रतिनिधि वा आवश्यक परिपूरक सुविधा प्रतिनिधिलाई 2020 को अध्याय 71A. RCW, कानूनमा उल्लिखित अधिकारहरू बारे सूचित गराउनुपर्छ। प्रशासनले उपलब्ध गराउने सूचना लिखित ढाँचामा हुनुपर्दछ। प्रशासनले यस उपधारामा आवश्यक परेको सूचना उपलब्ध गराएको मिति कागजातीकरण गर्नुपर्छ।

(2) प्रशासनले सेवाग्राहीको मूल्याङ्कन सञ्चालन गर्दा सेवाग्राही र सेवाग्राहीको कानूनी प्रतिनिधि वा आवश्यक परिपूरक सुविधा प्रतिनिधिलाई 2020 को अध्याय 71A. RCW, कानूनमा उल्लिखित अधिकारहरू बारे सूचित गराउनुपर्छ। प्रशासनले उपलब्ध गराउने सूचना लिखित ढाँचामा हुनुपर्दछ। प्रशासनले यस उपधारामा आवश्यक परेको सूचना उपलब्ध गराएको मिति कागजातीकरण गर्नुपर्छ।

(3) सेवाग्राहीसँग प्रदायकको हस्तक्षेपबाट मुक्त हुने स्वतन्त्रता र छनोट प्रयोग गर्ने अधिकार हुन्छ। यसमा सेवाग्राहीका निम्न अधिकारहरू पर्दछन्:

(a) यौन, शारीरिक र मानसिक दुर्व्यवहार, शारीरिक दण्ड र अनैच्छिक पृथकताबाट मुक्त हुने;

(b) जाति, रङ, सम्प्रदाय, राष्ट्रिय मूल, धर्म, लिङ्ग, असक्षमता, वैवाहिक तथा पारिवारिक स्थिति, लैङ्गिक पहिचान वा लैङ्गिक झुकावको आधारमा गरिने भेदभावबाट मुक्त हुने;

(c) सेवाग्राहीको संसाधन र सेवा योजनमा उपलब्ध हुने खाद्य पदार्थको प्रकारसँग सम्बन्धित छनोटहरू बनाउने;

(d) सेवाग्राहीको घरमा आगन्तुकहरू बोलाउने र सेवाग्राहीको रोजाइका व्यक्तिहरूसँग सम्बन्ध बनाउने र सेवाग्राहीको घरपरिवारसँग सम्झौता गरिएका सीमितताको अधीनमा रहेने;

(e) सेवाग्राहीको कार्यतालिका नियन्त्रण गर्ने र सेवाग्राहीका आवश्यकताहरू पूरा गर्ने क्रियाकलाप, कार्यतालिका र स्वास्थ्य स्याहार छनोट गर्ने;

(f) सेवाग्राहीको स्वास्थ्य स्याहार प्रदायकद्वारा आदेश दिइएको उपचार बारे जानकारी र उपचारको कार्यान्वयन कसरी गरिने भनी योजना बनाउन मद्दत गर्ने;

(g) अनावश्यक औषधि, अवरोध र प्रतिबन्धहरूबाट मुक्त हुने;

(h) प्रजातान्त्रिक प्रक्रियामा मतदान गर्ने, सहभागी हुने र मानिसहरूलाई कार्यालयमा चुनिन मद्दत गर्ने;

(i) सेवाग्राहीको मुद्रा व्यवस्थित गर्ने वा सहायताको लागि कुनै व्यक्ति छनोट गर्ने;

(j) समुदायको हिस्सा बन्ने;

(k) सेवाग्राहीको जीवन बारे छनोटहरू बनाउने;

(l) सेवाग्राहीको रूचिअनुसार कपडाहरू र हेयरस्टाइल छनोट गर्ने;

(m) सेवाग्राहीको घरपरिवारसँग गरिएको सम्झौताको अधीनमा रहेर सेवाग्राहीको रूचिअनुसार बेडरूम र घरलाई सुसज्जित गर्ने र सजाउने;

(n) तलबी रोजगार खोज्ने;

(o) सेवाग्राहीले प्राप्त गर्न सहमत भएका सेवाहरू प्राप्त गर्ने;

(p) सेवाग्राहीलाई अनुसन्धानको बारेमा बुझाएपछि र सेवाग्राही वा सेवाग्राहीको कानूनी प्रतिनिधिले अनुसन्धानमा सहभागी हुनको लागि लिखित सहमति दिएपछि सो कार्यमा सहभागी हुने वा नहुने भनी निर्णय लिने;

(q) आर्थिक शोषणबाट मुक्त हुने।

(4) सेवाग्राहीसँग प्रशासनको सेवा योजनामा सहभागी हुने अधिकार हुन्छ। यसमा सेवाग्राहीको निम्न अधिकार पर्दछ:

(a) प्रशासन र प्रदायकहरूद्वारा लेखिएका सेवाग्राहीका सेवा योजनाहरूमा उपस्थित हुने र सहायता गर्ने;

(b) योजना बनाउने प्रक्रियाहरूको नेतृत्व गर्न अर्थपूर्ण अवसरहरू पाउने;

(c) अर्थपूर्ण जीवनको लागि परिकल्पना बनाउने र योजना बनाउने प्रक्रियामा समावेश भएका शिक्षा, रोजगार, आवास, सम्बन्ध र मनोरञ्जनको लागि लक्ष्यहरू बनाउने;

(d) सेवाग्राहीसँग योजना बनाउने प्रक्रियाहरूमा उपस्थित हुन कुनै वकील छनोट गर्ने; र

(e) सेवाग्राहीको समुदायमा उपलब्ध मनोरञ्जन, शिक्षा र रोजगार अवसरहरू बारे वर्तमान र सही जानकारीमा पहुँच पाउने।

(5) सेवाग्राहीसँग सेवा र स्वास्थ्य स्याहार बारे जानकारीमा पहुँच पाउने अधिकार हुन्छ। यसमा सेवाग्राहीको निम्न अधिकार पर्दछ:

(a) सेवाग्राहीका सबै सेवा योजनाहरूको प्रतिलिपि हेर्ने;

(b) सेवाग्राहीका वर्तमान सेवा योजनाहरूको पूरै प्रतिलिपिहरू प्राप्त गर्ने;

(c) कुनै पनि समयमा सेवाग्राहीले प्राप्त गरेको कुनै पनि सेवाका नीति र प्रक्रियाहरूको प्रतिलिपि समीक्षा गर्ने। यसमा सेवाग्राहीले प्रदायकहरू र विभागसँग कसरी उजुरी दायर गर्न सक्नुहुन्छ भन्नेबारे नीति र प्रक्रियाहरू समावेश हुन्छन्;

(d) राज्यका सर्वेक्षक वा निरीक्षकहरूद्वारा सञ्चालित विभागको हालसालैको सर्वेक्षण वा निरीक्षणका नतिजाहरू, अपूर्णताका विवरणहरू र सेवाग्राहीको प्रदायक र निवाससँग सम्बन्धित प्रभावकारी सुधारका योजनाहरू परीक्षण गर्ने। सेवाग्राहीको सेवा प्रदायकले सेवाग्राहीको अनुरोधमा यो जानकारी पत्ता लगाउन र पहुँच गर्न सहायता गर्नुपर्छ; र

(e) सेवाग्राहीको प्रदायक विरूद्ध विभागद्वारा चालिएका प्रवर्तन कदमहरू बारे लिखित सूचना प्राप्त गर्ने। प्रशासनको मुद्दा व्यवस्थापक वा डिजाइनीले हप्तान्त र बिदाहरू बाहेक बीस दिनभित्र सेवाग्राही र सेवाग्राहीको कानूनी प्रतिनिधि वा आवश्यक परिपूरक सुविधा प्रतिनिधिलाई प्रवर्तन मिति बारे सूचना प्रदान गर्नुपर्दछ। यस उपधाराका उद्देश्यहरूका लागि, एक "प्रदायक" भन्नाले प्रशासनद्वारा सञ्चालित वा करारबद्ध सेवाग्राहीद्वारा प्राप्त गरिने आवासीय सेवाहरू उपलब्ध गराउने एक संस्थालाई जनाउँछ। यो सूचना आवश्यकता जनाउने प्रवर्तन कार्यमा निम्न पर्दछन्:

(i) प्रदायकको प्रमाणीकरण वा अनुमतिपत्रमा राखिएका सर्तहरू;

(ii) रिफरल वा भर्नाहरूको निलम्बन वा सीमित निलम्बन;

(iii) अस्थायी प्रमाणीकरण वा अप्रमाणीकरणको अधिरोपण; वा

(iv) अनुमतिपत्र वा प्रमाणीकरणको अस्वीकरण, निलम्बन वा खण्डन।

(6) सेवाग्राहीसँग उजुरी र गुनासोहरू दायर गर्ने र अपीलहरूको अनुरोध गर्ने अधिकार हुन्छ। यसमा सेवाग्राहीको निम्न अधिकार पर्दछ:

(a) संघीय मेडिकेड कानून र राज्यको सार्वजनिक सहायता कानूनहरूमा परिभाषित गरिए अनुसार सेवाग्राहीको योग्यता, सेवा वा रोजाइको प्रदायकलाई अस्वीकार गर्ने, घटाउने वा खारेज गर्ने विभागद्वारा कुनै पनि निर्णयको लागि अपिल गर्ने;

(b) सेवाग्राहीको प्रदायकलाई सेवाग्राहीका सेवा वा अन्य सरोकारहरू बारे गुनासोहरू पेश गर्ने। यसमा सेवाग्राहीसँग बस्ने अन्य मानिसहरूको व्यवहार बारे सरोकारहरू पर्दछन् तर यतिमा मात्र सीमित हुँदैन। प्रदायकले समयसीमा र सम्भावित सुधारहरू समावेश गर्ने गुनासो प्रक्रियामा एक लिखित नीति कायम राख्नुपर्छ। यदि गुनासोको समाधान नभएमा, प्रदायकले विभाग गुनासो कसरी पेश गर्ने भन्नेबारे जानकारी सेवाग्राहीलाई प्रदान गर्नुपर्दछ;

(c) उजुरी र गुनासोहरू दायर गर्ने र विभाग वा प्रदायकहरूद्वारा जरिवाना वा प्रतिशोधको डरबिना अपीलहरूको अनुरोध गर्ने; र

(d) अपील प्रक्रियामा असक्षमताको लागि कसरी सुविधा प्राप्त गर्ने भन्नेबारे जानकारी प्राप्त गर्ने।

(7) सेवाग्राहीसँग गोप्यता र गोपनीताको अधिकार हुन्छ। यसमा सेवाग्राहीको निम्न अधिकार पर्दछ:

(a) सेवाग्राहीका व्यक्तिगत रेकर्डहरूको व्यक्तिगत गोप्यता र गोपनीता।

(b) मेल र इमेल पठाउने र प्राप्त गर्ने अधिकार र अरूले सुन्न नसक्नेगरी कलहरू गर्न मिल्ने क्षेत्रमा टेलिफोनको प्रयोग गर्ने अधिकार सहित गोप्य तरिकाले सञ्चार गर्ने; र

(c) साथी र परिवारसँग गोप्य तरिकाले भेट्ने र कुराकानी गर्ने।

(8) सेवाग्राहीसँग यस उपधारामा उल्लेख गरिए अनुसार सेवाहरूको डिस्चार्ज, स्थानान्तरण र समाप्तिको अवधिमा अधिकारहरू हुन्छन्।

(a) अध्याय 18.20, 72.36, वा 70.128 RCW अन्तर्गत अनुमतिप्राप्त दीर्घकालीन स्याहार सुविधास्थलमा निवासी रहेका सेवाग्राहीहरूसँग RCW 70.129.110 मा उल्लिखित अधिकारहरू हुन्छन्।

(b) प्रमाणित सामुदायिक आवासीय सेवाहरू प्राप्त गर्ने सेवाग्राहीहरूसँग निम्न अधिकार हुन्छ:

(i) आफ्नो प्रदायकसँग रहने। प्रदायकले निम्न कुराहरू निर्धारण र कागजात नगर्दासम्म सेवाहरू खारेज गरिनुहुँदैन:

(A) प्रदायकले सेवाग्राहीका आवश्यकताहरू पूरा गर्न सक्दैन;

(B) सेवाग्राहीको सुरक्षा वा सुविधास्थल वा निवासमा रहेका अन्य व्यक्तिहरूको सुरक्षा खतरामा छ;

(C) सेवाग्राहीको स्वास्थ्य वा सुविधास्थल वा निवासमा रहेका अन्य व्यक्तिहरूको स्वास्थ्य अन्यथा खतरामा पर्नेछ; वा

(D) प्रदायकले सञ्चालन गर्न बन्द गर्छ।

(ii) समाप्ति मितिभन्दा कम्तीमा बहत्तर घण्टा अगावै सूचना उपलब्ध गराइने, सेवाको समाप्ति आवश्यक ठान्ने स्वास्थ्य तथा सुरक्षा आपतकालीन हुँदा बाहेक अन्य अवस्थामा यस्तो समाप्ति हुनुभन्दा कम्तीमा तीस दिन अगावै सेवाहरूको कुनै पनि सम्भावित समाप्ति बारे प्रदायकबाट लिखित सूचना प्राप्त गर्ने। उक्त सूचना सेवाग्राही र सेवाग्राहीको कानूनी प्रतिनिधि वा आवश्यक परिपूरक सुविधा प्रतिनिधिलाई उपलब्ध गराएको हुनुपर्छ। सूचनामा निम्न कुराहरू समावेश हुनुपर्दछ:

(A) सेवाहरू समाप्त गर्नुको कारण; र

(B) सेवाहरू समाप्त हुने प्रभावकारी मिति।

(iii) सेवाहरू समाप्त हुने प्रभावकारी मितिभन्दा कम्तीमा दुई दिन अगावै पारगमन योजना प्राप्त गर्ने वा यदि पारगमन स्वास्थ्य तथा सुरक्षा आपतकालीनको आधारमा भए प्रशासनले आपतकालीन पारगमन बारे सूचना प्राप्त गरेको दुई दिनभित्र पारगमन योजना प्राप्त गर्ने। प्रशासनले सेवाग्राही र सेवाग्राहीको कानूनी प्रतिनिधि वा आवश्यक परिपूरक सुविधा प्रतिनिधिलाई योजना उपलब्ध गरानुपर्छ। योजनामा निम्न कुराहरू समावेश हुनुपर्दछ:

(A) सेवाग्राहीलाई स्थानान्तर गरिने स्थान;

(B) नयाँ स्थानसम्म लैजाने यातायातको माध्यम; र

(C) विकासात्मक असक्षमता ओम्बड्सको नाम, ठेगाना र टेलिफोन नम्बर।

(c) प्रदायकको स्वामित्वमा रहेको निवासमा सेवाग्राहीहरूलाई सेवाहरू उपलब्ध गराउने प्रदायकले RCW 59.12.030 अन्तर्गत कुनै पनि अनुचित निरोधक कदम चाल्नुअघि सेवाहरू समाप्त गर्ने प्रक्रियाहरू बारे विस्तृत व्याख्या गर्नुपर्दछ।

(9) सेवाग्राहीसँग वकीलहरूको पहुँच पाउने अधिकार हुन्छ। सेवाग्राहीसँग सेवाग्राहीका वकीलहरूको रूपमा काम गर्ने एजेन्सीहरूबाट जानकारी प्राप्त गर्ने र यी एजेन्सीहरूलाई सम्पर्क गर्ने अवसर पाउने अधिकार हुन्छ। प्रदायकले निम्नमध्ये कुनै पनि कुरामा सेवाग्राहीको पहुँचमा हस्तक्षेप पुर्‍याउनुहुँदैन:

(a) राज्यको कुनै पनि प्रतिनिधि;

(b) निवासीको निजी चिकित्सक;

(c) विकासात्मक असक्षमता ओम्बड्स; वा

(d) RCW71A.10.080 बमोजिम सुरक्षा तथा वकालत कार्यक्रमलाई कार्यान्वयनमा ल्याउन नियुक्त गरिएको संस्थाको कुनै पनि प्रतिनिधि।

(10) यदि सेवाग्राही अध्याय 11.88 RCW बमोजिम एक अभिभावकत्व आदेशको विषय भएमा, 2020 को अध्याय 71A. RCW, कानून अन्तर्गत सेवाग्राहीका अधिकारहरू विषयवस्तु अभिभावकत्व आदेशको क्षेत्रभित्र भएको खण्डमा सेवाग्राहीको अभिभावकद्वारा प्रयोग हुन्छ।